बैठक संख्या १६ समयः बिहान ११ बजे बैठक मिति २०७९।०९।२८

आज मिति २०७९ साल पौष २८ गतेका दिन यस नौगाड गाँउपालिकाका अध्यक्ष श्री दलजीत सिह धामी ज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा नौगाड गाँउ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरुमा छलफल गरी सर्वसम्मत निर्णय पारित गर्दै सम्पन्न गरियो।

उपस्थिति

| क्रस | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दलजीत सिङ धामी | अध्यक्ष | |
| २ | श्री जगत सिह ठगुन्ना | उपाध्यक्ष | |
| ३ | श्री हरीलाल सिह महता | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री नारायण सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री राइ सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण सिह धामी | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री राम सिह धामी | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री राजेन्द्र सिह बोहरा | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री गणेश टमटा | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्रा टमटा | कार्यपालिका सदस्य | |
| ११ | श्री जोगी टमटा | कार्यपालिका सदस्य | |
| १२ | श्री नरमा धामी | कार्यपालिका सदस्य | |
| १३ | श्री बसन्ती ठगुन्ना | कार्यपालिका सदस्य | |
| १४ | श्री रुकमती ठगुन्ना | कार्यपालिका सदस्य | |
| १५ | श्री पुष्कर सिह धामी | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित:

पुष्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

<u>प्रस्तावहरुः</u>

१. क्रमागत संघीय समपूरक योजना  कृषि तथा पशु प्रवर्धन कार्यक्रम आवश्यक नरहेको सम्बन्धमा।
२. ठेक्काहरुको म्याद थप गर्ने सम्बन्धमा।
३. सङ्घीय विशेष अनुदान अन्तर्गत जनहित मावि धुलिगाडाको भवन निर्माण ठेक्कामा बचत रकम बाडफाँट गर्ने सम्बन्धमा।
४. निर्माणाधीन प्रशासकीय भवनको जमीन पालिकाको नाममा नामसारी गर्ने सम्बन्धमा।
५. ६ नं वडा कार्यालयको भुक्तानी रोक्का राख्ने सम्बन्धमा।
६. करार कर्मचारीहरुको म्याद थप गर्ने सम्बन्धमा।
७. लिजा र फ्रेवको नतिजा अनुमोदन गर्ने सम्बन्धमा।
८. विविध

पुष्कर सिंह थापी
प्रमुख प्रशासकीय अधिकृत

२०८०/८१ मा उक्त कार्यक्रम कार्यान्वयन नगर्ने र सो क्रमागत कार्यक्रम हटाईदिनुहुन भनि राष्ट्रिय योजना आयोगलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतरुपमा पारित गरियो।

निर्णय नं २ प्रस्ताव नं. २ माथी छलफल गर्दा यस गाउँपालिकामा तपसिल अनुसारका बहुवर्षिय ठेक्का सम्झौताहरुको म्याद तपसिल अनुसार थप गर्ने निर्णय सर्वसम्मतरुपमा पारित गरियो।

| क्र स | ठेक्का न | कार्य | सम्झौता थप गरिएको मिति | कैफियत |
|---|---|---|---|---|
| १ | NRM/NCB/W/16-077/78 | छिपुलथान डाइभर्सिटी पार्क निर्माण | २०७९ चैत्र मसान्त सम्म | |
| २ | NRM/NCB/W/1-078/79 | जामिर साङपाङ सडक निर्माण | २०८० असार मसान्त सम्म | |

निर्णय नं ३ प्रस्ताव न ३ माथि छलफल गर्दा सङ्घीय विशेष अनुदान अन्तर्गत धुलिगाडा जनहित मावि धुलिगाडाको भवन निर्माण सम्झौता गरी बाँकी रहेको रकम मध्ये भवन निर्माण गर्दा केही जग्गा अपुग हुन गएकोमा उक्त प्रयोग भएको जग्गा धनीलाई रु २००००००/- (अक्षरुपी बीस लाख मात्र) उपलब्ध गराउने र बाकी रकमको नियमानुसार लागत इस्टिमेटका आधारमा विद्यालयको घेरपर्खाल निर्माण गर्ने निर्णय सर्वसम्मतरुपमा पारित गरियो।

निर्णय नं ४ प्रस्ताव न ४ माथि छलफल गर्दा पालिकाको निर्माणाधीन प्रशासकीय भवनको लागिनौगाड गाउँपालिका वडा न ५ (साविक धुलिगाडा गाविस वडा न ९) स्थित श्री शान्ति ठगुन्नाको एकलौटी भौगाधिकार रहेको कित्तान ३३७ को क्षेत्रफल १-१४-0-0 रोपनी (९५३.८० वर्गमिटर) को पुरै कित्ता जग्गालाई चलन. चल्तिको मूल्य रु ३०,००,०००/- (अक्षरुपी तीस लाख मात्र) मा खरीद गर्ने चालु आवमा २१,८८,००० (अक्षरुपी एक्काइस लाख आठासी हजार मात्र )भुक्तानी गरी बाकी रकम रु ८,१२,००० (अक्षरुपी रु आठलाख वाह्र हजार मात्र )आगामी आव मा भुक्तानी गर्ने र खरिद गरिएको उक्त जग्गा यस गाउँपालिकाको नांममा रजिष्ट्रेशन गर्दा लाग्ने राजश्व रकम छूट गरिदिन श्री मालपोत कार्यालय दार्चुलालाई अनुरोध गर्ने साथै जग्गा रजिस्टेशन गर्न नौगाड गाउँपालिका वडा न २ का वडा अध्यक्ष श्री नारायण सिंह ठगुन्नालाई जिम्मेवारी दिने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ५ प्रस्ताव न ५ माथि छलफल गर्दा यस गाँउपालिकाको ६ नम्बर वडा कार्यालय भवन निर्माण गर्दा जग्गा मिचिएका जग्गाधनीलाई यस गाउँपालिकाले यस दिने भनी निर्णय भएको रकम हाललाई रोक्का राख्ने निर्णय सर्वसम्मतरुपमा पारित गरियो।

निर्णय नं ६ प्रस्ताव न ६ माथि छलफल गर्दा यस नौगाड गाउँपालिकामा कार्यरत करार कर्मचारीहरुको म्याद २०८० असार मसान्त सम्म थप गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ७ प्रस्ताव न ७ माथि छलफल गर्दा यस नौगाड गाउपालिकाको आ. व. २०७८/७९को लिजा र फ्रावको नतिजा अनुमोदन गर्ने निर्माण सर्वसम्मत पारित गरियो।

पुष्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत